# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**
Bharatpur, Chitwan, Bagmati Province, Nepal


कृषि विकास कार्यक्रमहरुमा सहभागी हुन प्रश्ताव आव्हानको सूचना

सूचना नं.०७-२०८१/०८२ (कृषि विकास)
दोस्रो पटक प्रकाशित मिति-२०८१/०८/२५

भरतपुर महानगरपालिका आर्थिक विकास महाशाखा, कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाको आ.व २०८१/०८२ को बार्षिक नगर विकास योजना स्वीकृत प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) तपशिल बमोजिमको कार्यहरु संचालन गर्न लागिएको हुँदा भरतपुर महानगरपालिका भित्रका का कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका ईच्छुक आवेदक (कृषक समुह,कृषि सहकारी, कृषि फर्म, कृषि कम्पनी) हरुलाई देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०८१/०९/०९ सम्म) माग निवेदन दर्ता गर्नहुन यो सूचना प्रकाशन गरिएको छ। तोकिएको मापदण्ड पुरा नभएका र म्याद भित्र पेश नभएका प्रस्तावहरु लाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन । कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइड www.bharatpurmun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

| क.स | कार्यक्रमको नाम | परिमाण | विनियोजित बजेट/ अनुदान | आवेदक | कार्यक्रम संचालन प्रकृया |
|---|---|---|---|---|---|
| १ | खेति जमिनमा सिंचाइ कार्यक्रम वोरिङको लागि पानि तान्ने मोटर भरतपुर-४ | माग अनुसार | ५ लाख/ अधिकतम ५० प्रतिशत | कृषि समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनि | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७, प्रदेश कार्यविधि अनुसार |
| २ | कृषि यान्त्रिकरण तोरी प्रसोधन प्रर्वद्धन कार्यक्रम भरतपुर-१९ | माग अनुसार | १५ लाख/ अधिकतम ५० प्रतिशत | कृषि समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनि | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७, प्रदेश कार्यविधि अनुसार |
| ८ | कृषि यान्त्रिकरण मिनिटिलर सहयोग प्रवर्द्धन कार्यक्रम भरतपुर -४, ५ | माग अनुसार | १० लाख/ अधिकतम ५० प्रतिशत | कृषि समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनि | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७, प्रदेश कार्यविधि अनुसार |

**आवश्यक कागजात तथा सर्तहरु**

१.समुह/सहकारीको निर्णय सहित माग निवेदन ।
२.सम्बन्धित संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि,स्थायी लेखा नम्वरको प्रतिलिपि र कर चुक्ताको प्रतिलिपी ।
३. कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीको हकमा प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको बारे निर्णयको प्रतिलिपी ।
४.प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त/जिम्म्वार व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तायारी पत्र ।
५.सम्बन्धित वडा कार्यालय/कृषि सेवा केन्द्रको कार्यक्रममा सहभागिताको लागि सिफारिस पत्र ।
६.कार्यक्रम संचालन गर्ने जमिनको लालपुर्जाको प्रतिलिपि/लिजमा लिएको जमिन भए कम्तिमा ५ बर्ष वा सम्बन्धित कार्यक्रमको कार्यविधि अनुसारका कागजातहरु ।
७.सिंचाईको हकमा जग्गाको नापि नक्सा ।
८.कार्यक्रम अनुसार कार्यविधिले तोकेका अन्य कागजातहरु ।
९.कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीको हकमा अनिवार्य नविकरण गरेको हुनुपर्ने छ ।
१०.कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीले आवेदन दिनको लागी एक वर्ष पहिले दर्ता गरेको हुनुपर्ने छ ।
११.२०८०/०८१ मा यस कृषि शाखा बाट अनुदान पाएको कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीको सदस्यले यस आ.व.२०८१/०८२ मा आवेदन दिन नपाउने ।

नोट-कार्यक्रम सम्वन्धी थप जानकारीको लागि भरतपुर महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा को फोन नं.-०५६-४९३४३७ सम्पर्क गर्न सकिने छ।
कार्यविधि संशोधन भएमा संसोधित कार्यविधि बमोजिम नै कार्यक्रम संचालन हुने छ। प्रस्ताव दर्ता गर्दा निवेदक स्वयम उपस्थित हुनु पर्ने छ ।

..............................
तेजेन्द्र प्रसाद पौडेल
महाशाखा प्रमुख